२. त्यसपश्चात समयानुसार दुई वा दुईभन्दा बढी पालिकाहरुमा समेत कार्यक्षेत्र बढाईनेछ ।

परिच्छेद–३

**समिति गठन**

६) व्यवस्थापन तथा सञ्चालन समितिः असुरक्षित महशुस गरी न्याय माग्न आउने महिला, किशोरी र बालबालिकाहरुलाई सुरक्षित ढंगले तोकिएको समय सम्म राख्न र तत् सम्बन्धि आवश्यक व्यवस्था गर्न एक व्यवस्थापन तथा सञ्चालन समिति देहाय बमोजिम गठन गरिनेछ ।

१. **संयोजक** रोल्पा नगरकार्यपालिकाको सिफारिसमा नगरप्रमुखले तोकेको व्यक्ति — १ जना

२. **सदस्य** — सम्बन्धित वडाको वडाध्यक्ष — १ जना

३. **सदस्य** — न्यायिक समितिको प्रतिनिधि — १ जना

४. **सदस्य** — रोल्पा अस्पतालका प्रमुख वा प्रतिनिधि — १ जना

५. **सदस्य** — जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि — १ जना

६. **सदस्य** — नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख — १ जना

७. **सदस्य** — महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने गै.स.स. का प्रमुख — १ जना



रोल्पा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लिबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०७८/०८/०१

## सुरक्षित आवासगृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत मुद्दामा न्याय माग्न आउने, जोखिममा परेका महिला तथा किशोरीहरु र बालबालिकालाई आवश्यकता परेको अवस्थामा **"सुरक्षित आवासगृह (सेफ हाउस)"** राखी त्यस्तो आवास गृहलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्ने उद्देश्यले रोल्पा

नगर कार्यपालिकाले **स्थानीय** सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम यो **कार्यविधि** बनाएको छ ।

## परिच्छेद-१

**प्रारम्भिक** :

१) संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम "**(सुरक्षित आवासगृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०७८**" हुनेछ ।

२) यो कार्यविधि रोल्पा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएपश्चात तुरुन्त लागू हुनेछ ।

**३) परिभाषाः** यस कार्यविधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

**३.१ "सुरक्षित आवासगृह (सेफ हाउस)"** भन्नाले महिला, किशोरी वा बालबालिकालाई सुरक्षित एवम् व्यवस्थित ढंगले राख्न यो कार्यविधि बमोजिम तोकिएको घर कम्पाउण्डलाई सम्झनुपर्दछ

३.२ **"नगर प्रमुख"** भन्नाले रोल्पा नगरपालिको प्रमुखलाई सम्झनुपर्दछ ।

३.३ **"उप-प्रमुख"** भन्नाले रोल्पा नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ।

३.४ **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रोल्पा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

३.५ **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई जनाउँछ ।



३.६ **"महिला, किशोरी र बालबालिका"** भन्नाले हिंसा पीडित भएका असहाय महिला, किशोरी र बालबालिकाको हकमा १८ वर्ष उमेर सम्मकालाई जनाउँछ ।

३.७ **"सञ्चालन"** भन्नाले यो कार्यविधि बमोजिम सञ्चालन हुने **"सुरक्षित आवास गृह (सेफ हाउस)"** लाई जनाउँछ ।

३.८ **"कार्यालय"** भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

**सुरक्षित आवासगृहको उद्देश्य तथा कार्यक्षेत्र :**

४) **सुरक्षित आवासगृहको उद्देश्यः** यस कार्यविधि बमोजिम हुने सुरक्षित आश्रयगृहको उद्देश्य देहायका हुनेछन :

१. हिंसाबाट पीडित तथा प्रभावित महिला तथा बालबालिकाको उद्दार, संरक्षण, स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्ने ।

२. हिंसा सम्बन्धी घटनालाई न्याय प्रक्रियामा लैजान पहल गर्ने र लैंगिक हिंसाविरुऔ= सामाजिक जागरण ल्याउने ।

५) **सुरक्षित आवासगृहको कार्यक्षेत्रः** यस कार्यविधि बमोजिम हुने आश्रयगृहको कार्यक्षेत्र देहायका हुनेछनः

१. आवासगृहको कार्यक्षेत्र सञ्चालनको प्रारम्भिक चरणमा नगरपालिकाभित्रमा रहनेछ ।

क) दुवैपट्टि  झ्याल राखिएका हावा खेल्ने कोठाहरु,

ख) प्रत्येकका लागी छुट्टाछुट्टै खाट,

ग) प्रभावित बालबालिकाको लागी अलग्गै कोठा,

घ) मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागी छुट्टाछुट्टै कक्ष,

ङ) मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साँझा कक्ष,

च) शौचालय तथा स्नान कक्ष,

छ) साझा टेलिभिजन,

ज) ठाँउ हेरी पंखा, हिटर,

झ) श्रोत हेरी प्रयाप्त पानी,

ञ) सुरक्षाका लागि आवश्यकता अनुसार पाले पहरा ।

३) लुगाफाटो

क) आफैले उपलब्ध गराउन नसक्नेलाई १/१ जोर चप्पल,

ख) आफैले उपलब्ध गराउन नसक्नेलाई १ सरो लगाउने लुगा,

**४) खानेकुरा** : दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोकिए बमोजिम केन्द्र भित्र वा वाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनुपर्दछ ।

क) विहान चिया सँगै हल्का खाजा,

ख) दिउँसो खाना,

ग) अपराह्न पूर्ण खाजा सँगै चिया,

घ) बेलुकी खाना



| | | |
|---|---|---|
| ८. सदस्य | जग्गादाताहरु मध्येबाट | १ जना |
| ९. सदस्य सचिव | आवास गृह सञ्चालन गर्ने संस्थाका अध्यक्ष वा प्रतिनिधि | १ जना |

**७) व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार:** सुरक्षित आवासगृह व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

१. न्यायिक समिति, प्रहरी कार्यालय र सरोकारवाला निकायबाट जोखिममा रहेका, हिंसा पीडित महिला, किशोरी र बालबालिकाहरु पहिचान गरी आवास गृहमा राख्ने व्यवस्था गर्ने।

२. सुरक्षित आवासगृह सञ्चालन व्यवस्थापनका लागी प्राप्त भएको रकम र कार्य प्रगतिको प्रतिवेदन नगरपालिकामा प्रत्येक चार/चार महिनामा कार्यालयमा बुझाउने ।

३. सुरक्षित आवारगृहको सुरक्षा व्यवस्थाको अनुगमन, नियमन कार्य गर्ने ।

४. महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्बन्धि कार्य गर्ने ।

५. महिला, किशोरी आवश्यक अन्य सीप साधन श्रोत र सुरक्षा सम्बन्धि आवश्यक प्रबन्ध गर्ने ।

६. नगरसभाबाट तोकिएको मापदण्ड अनुसार खर्च गर्न स्वीकृत गर्ने ।

७. जोखिममा रहेका हिंसा पीडित महिला, किशोरी र बालबालिकाहरु अन्य स्थानमा पठाउनुपर्ने  आवश्यकता भएमा सिफारिस गर्ने ।

८. सुरक्षित आवास गृह सञ्चालनमा संस्थाको सिफारिसमा व्यवस्थापन समितिको सहमतिमा बजेट र कार्यक्रमको परिधिभित्र रही करार सेवामा आवश्यक विज्ञ वा कर्मचारी प्रचलित कानून बमोजिम व्यवस्था गर्नोतर कर्मचारी राख्नु परेमा निश्चित अवधिको लागी करार सेवामा राख्नुपर्नेछ ।

९. **सेफ हाउस** सञ्चालन व्यवस्थापनको लागी समितिले आवश्यक सहकार्य गर्न संघसंस्था छनौट गर्न सक्नेछ ।

१०. अन्य काम, कर्तव्य र अधिकार सम्बन्धित समितिको सिफारिसमा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

११. यो कार्यविधिबमोजिम गठित हुने समितिको पदावधि ४ वर्षको हुनेछ ।

## परिच्छेद-४

**कोषको व्यवस्थापन तथा मापदण्ड**

८. कोषको व्यवस्थाः हिंसा पीडित महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागी सेफ हाउस व्यवस्थापन तथा सञ्चालन कोषको व्यवस्था निम्न अनुसार रहेको छ :

१) हिंसा पीडित महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागी सुरक्षित आवासगृह सञ्चालन गर्न नगरकार्यपालिकाले एउटा छुओट्टै सेफ हाउस



व्यवस्थापन तथा सञ्चालन कोष खडा गर्न सक्नेछ।उक्त कोषमा देहायका स्रोतबाट प्राप्त हुने रकम राखिनेछ ।

क) मन्त्रालयबाट प्राप्त अनुदान,

ख) रोल्पा नगरपालिकाको लैंगिक हिंसा निवारण कोषबाट,

ग) विभिन्न दाताहहरुबाट प्राप्त हुने रकम ।

त्यस कोषमा भएको खर्च प्रतिवेदन व्यवस्थापन समितिले दुरुस्त राख्नेछ ।

२) बैंक खाताको सञ्चालन र अन्य हरहिसाबको लेखापरिक्षण समितिले गर्नेछ ।

३) नगरपालिकाले कार्यप्रगतिका आधारमा अनुदान उपलब्ध गराउन सक्ने ।

४)  यो कार्यविधि लागू हुनु अगावै यो विषयसँग सम्बन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

९.न्यूनतम मापदण्डः हिंसा पीडित महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागी निम्नानुसारको मापदण्ड रहनुपर्ने व्यवस्था गरिएको छ।

१) आवास गृह परिसरअन्तर्गत

क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबेराले घेरिएको ।

ख) हाताभित्र गृह अनुसारको खुल्ला ठाँउ रहेको ।

ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको ।

घ)  सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

२) आवास गृहमा रहने सुविधा

२) अन्य जिल्ला वा गाँउपालिका वा नगरपालिकाहरुबाट आएका हिंसापीडित महिला, किशोरी र बालबालिकाको हकमा आवश्यक रकम सम्वन्धित स्थानीय तहबाट रकमको व्यवस्था भएको खण्डमा भूक्तानी लिने गरी अन्य स्थानका हिंसापीडित महिला, किशोरी र बालबालिकालाई यस आवास गृहमा राख्न पनि सकिनेछ ।

**१२.हिंसा प्रभावितको पुनर्मिलन र सामाजिक पुनर्स्थापनाः**

सेवाग्राहीको सामाजिक पुनर्स्थापना गर्ने प्रयास गर्नेछ । त्यसका निम्ती उसका अभिभावक सँग पटक पटक संस्थाका कर्मचारीले सम्पर्क गर्नेछन् । अभिभावक र निजका संरक्षकको प्रतिवद्धता लिईसकेपछि निजलाई अभिभावक र गाँउका भद्र भलादमी वा समुहको रोहवरमा घर फिर्ता गरिनेछ ।संस्थाले बुझाएको कागज लिईसकेपछि उक्त कागज व्यक्तिगत फाइलमा राखि निजको व्यक्तिगत फाइल बन्द गरिन्छ र फेरी पुनः अर्को पटक आएमा त्यसै फाइलबाट कारबाही अगाडि बढाइनेछ ।

**१३.सुरक्षित आवास गृह (सेफ हाउस) को अनुगमन तथा नियमन समितिः** सुरक्षित आवास गृहको सञ्चालन, व्यवस्थापन र गुनासो सुनुवाई समन्वय गर्नको लागी नगरपालिकाले अनुगमन तथा नियमन समिति गठन गर्नेछ।

## परिच्छेद-६

**विविध**

**१३.अन्य आवश्यक व्यवस्थाः** सुरक्षित आवास गृहका अन्य आवश्यक व्यवस्था देहाय बमोजिम रहनेछ ।



ङ) मांसाहारीका लागि सातामा एकपल्ट माछामासु,

च) शाकाहारीका लागि दुध, दहि, फलफुल,

छ) उमालेको वा अन्यथा शुद्धिकरण गरिएको खानेपानी,

५) स्वास्थ्योपचारः नगर व्यवस्थापन समितिले तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

क) प्राथमिक उपचार बाकस,

ख) समस्या हेरी नियमित उपचार,

ग) आकस्मिक उपचार,

घ) बालबालिकाको हकमा उमेरअनुसारको खोप,

६) मनोसामाजिक विमर्शः व्यवस्थापन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शकबाट देहाय बमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नपर्दछ ।

क) संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एक पल्ट नियमित सेवा,

ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,

ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

७) कानूनी सेवाः देहायका उल्लेखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

क) प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा,

ख) प्रभावित महिलाले प्रचलित कानून बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

८) **सञ्चालनः** आवास गृहको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ ।

क) प्रभावित महिलालाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गर्नुपर्नेछ,

ख) प्रभावित महिलाको पहिचानको आवश्यकता अनुसार गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरित कुनै पनि कार्य गर्न बाध्य पारिने छैन,

ग) आवास गृहमा भेटघाट कक्ष भन्दा उता बस्ने अनुमति प्राप्त चिकित्सक, कर्मचारी, सफाईकर्मी लगायतका समितिले तोकेको अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही हुनेछ,

घ) सेफ हाउसको व्यवस्था सम्वन्धि जानकारी सूचना बोर्ड तयार गरी राख्नुपर्नेछ ।

९) **जनशक्तिः**

क) आवास गृह व्यवस्थापक एकजना पुरुष

ख) महिला वार्डेन एकजना

ग) मनोविमर्शकर्ता एकजना (केशको आधारमा बोलाइने)

घ) सफाईकर्मी आवश्यकतानुसार

१०) अभिलेखः आवासगृहले देहायबमोजिम अभिलेख राख्नुपर्दछ ।

क) प्रभावित महिलाको नाम दर्ता किताब,



ख) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब,

ग) प्रभावित महिलाको व्यक्तिगत गोप्य फायल,

घ) नगर व्यवस्थापन समितिको निर्णय किताब,

ओङ) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टी गर्ने कागजात,

च) स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानूनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत,

छ) नगर व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख ।

**१०. खर्च गर्ने आधारहरुः** सेफहाउस सञ्चालनको लागि विनियोजित रकमको परिधिभित्र रहि घरभाडा, मालसामान, औषधि उपचार, कानूनी उपचार, फिर्ता सम्प्रेषण, खानेकुरा, मनोसामाजिक विमर्श, यातायात, कर्मचारी पारिश्रमिक, कार्यालय सामग्री, लक्षित व्यक्तिको आवास व्यवस्था लगायत अन्य भैपरी आउने खर्चहरु समेत गर्न सकिनेछ ।उक्त रकम समितीको निर्णय अनुसार समितिमा पेश गरी स्विकृत गरी लागु हुनेछ ।

## परिच्छेद-५

### अनुदान व्यवस्था

**११.जीविकोपार्जन अनुदानः**

१) पीडित व्यक्तिलाई जीविकोपार्जन अनुदानको लागि व्यवस्थापन समितिले अनुदान स्वरुप स्वीकृत रकम उपलब्ध गराउनेछ ।

१) बालिका भएमा बालबालिका सँग काम गर्ने विभिन्न सँघ सँस्था सँग समन्वय गरी बालिकाको लामो भविष्य सम्मको लागि उचित व्यवस्था गर्ने प्रयास गरिनेछ ।

२) महिलाहरुको लागि सीप सिक्ने तालिमहरुको लागि अन्य सम्वन्धित सँघ सँस्थाहरुसँग सम्पर्क समन्वय राखि रिफर गरिनेछ ।

३) आवास गृहमा बसेका पीडित प्रभावितलाई भेट्न आउने व्यक्तिले पीडितको स्विकृति भएमा मात्र भेट्न दिनुपर्नेछ । यसरी भेट्न आउने व्यक्तिले आवास गृहका कर्मचारीलाई पहिले नै जानकारी गराई अनुमती लिनुपर्नेछ ।

४) कार्यालय समय भित्र मात्र भेट्न पाइनेछ ।

५) आवास गृहमा सरोकारवाला बाहेक अन्य पुरुषहरुको प्रवेश निषेध गरिनेछ ।

६) केहि काम परी पीडित महिला बाहिर जानुपरेमा आवास गृहका कर्मचारीले लैजानुपर्नेछ ।

७) व्यवस्थापन समितिको निर्णयअनुसार अन्य व्यक्तिलाई प्रवेश गर्न दिइनेछ ।

८) आवास गृहमा बसेको व्यक्ति सम्वन्धित घटनाको विषयमा निश्चित फैसला नभएसम्म आवास गृह सञ्चालन गर्ने संस्थाको निगरानीमा रहनेछ । निगरानीमा रहुन्जेलसम्म घर जाने आउने वा बाहिर गई बस्ने र फेरी सुरक्षा केन्द्रमा फर्कने गर्न पाइने छैन । पीडित सँग भएको पैसा, मोवाइल लगायत अन्य सरसामानहरु संस्थाले सुरक्षित राख्नेछ ।

९) आवास गृहमा बस्नेहरुका लागि सामान्य पढ्न लेख्न मन भएकाहरु छन् भने उनिहरुका लागि आवश्यक सामग्रीहरुको व्यवस्था गरिनेछ ।
१०) पढेलेखेका महिलाहरुको लागि विभिन्न विषयसँग सम्वन्धित पुस्तक, लेख, रचना, दैनिक पत्रपत्रिकाहरु उपलब्ध गराउनेछ ।
११) यो कार्यविधि सेफहाउस सम्वन्धि प्रचलित नेपाल सरकारको कानूनसँग बाँझिन गएमा बाँझिएको हदसम्म कार्यविधिमा लेखिएका कुराहरु अमान्य हुनेछन् ।

**आज्ञाले**

**महेन्द्र पराजुली**

**प्रमुख प्रशासकीय अधिकृत**

रोल्पा नगरपालिकाद्वारा प्रकाशित मूल्य रु. २०/-